# २००६

# नेपाली

## पहिलो पत्र

## प्रथमार्द्ध

पूर्णाङ्क : ५०                                        समय : दुई घण्टा

१। भाषाविज्ञानको प्रयोजन प्रस्ट पार्दै वर्णनात्मक भाषाविज्ञानको सैद्धान्तिक परिचय प्रस्तुत गर्नुहोस्                                        २०

अथवा

ऐनिहासिक भाषाविज्ञान र तुलनात्मक भाषाविज्ञान माझको सम्वन्धमाथि प्रकाश पार्दै भाषिक पुनर्निर्माण विधि सोदाहरण चिनाएर त्यसको प्रयोजन पनि प्रस्ट पार्नुहोस्।

२। तलका कुनै दुईवटा विषयमा टिप्पणी लेख्नुहोस् :   १०×२=२०

(क) वाक्यका आन्तरिक एवं वाह्य संरचना।

(ख) निकट घटक विश्लेषण।

(ग) अर्थका भेद।

(घ) शब्द र अर्थको सम्बन्ध।

३। तलका कुनै पाँचवटाबारे लगभग तीस (३०) शब्दभित्र टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) संरचनागत द्वैधता।

(ख) व्यतिहारिता।

(ग) पराभाषाविज्ञान।

(घ) अवयवी वाक्य।

(ङ) तिर्यक् कारक।

(च) अक्षर।

(छ) सङ्कथन।

(ज) खण्डेतर ध्वनि।

---

२००६

# नेपाली

## पहिलो पत्र

## द्वितीयार्द्ध

**पूर्णाङ्क : ५०** **समय : दुई घण्टा**

१। 'व्याकरण' शब्दको अर्थ स्पष्ट पार्दै नेपाली भाषाको प्रकृतिगत स्वरूप चिनाउन। प्रचलित नेपाली व्याकरण ग्रन्थहरू कतिसम्म सफल छन् ? विवेचना गर्नुहोस्। २०

अथवा

नेपाली भाषाको अभिलेखकालीन चरण भन्नाले के बुझिन्छ ? यस चरणको भाषाका विशेषनाहरू केलाएर सोदाहरण चिनाउनुहोस्।

२। कुनै दुई विषय लिई गहकिलो टिप्पणी लेख्नुहोस्। १०×२=२०

(क) खस भाषा।

(ख) गोर्खा भाषा प्रकाशिनी समिति।

(ग) झर्रोवादी आन्दोलन र यसको प्रभाव।

(घ) नेपाली शब्दमा समास हुने प्रवृत्ति र सामासिक रूपहरू।

३। तलका पाँचवटा विषय लिई तीनदेखि पाँच वाक्यभित्र टिप्पणी लेख्नुहोस्। : २×५=१०

(अ) जयपृथ्वी बहादुरको 'प्राकृत व्याकरण'।

(आ) 'पसा करि अक्रयाँ छु'।

(इ) दरवारी भाषामा तुर्केली शब्द।

(ई) 'गोरखे खबर कागत्।'

(उ) 'वाग्ध्वनि'।

(ऊ) 'मल्लभाषा न क्षीयते'।

(ऋ) पाद्री टर्नबुल।

(ए) नेपाली वर्णमाला।

(ऐ) नेपाली अयोगवाह वर्ण।

(औ) नेपाली क्रियापद को सन्दिग्ध भूत पक्ष।

---

२००६

# नेपाली

## दोस्रो पत्र
## प्रथमार्द्ध

पूर्णाङ्क : ५०                                    समय : दुई घण्टा

१। साहित्येतिहासको अवधारणा प्रस्ट पार्दै साहित्येतिहास लेखनका विभिन्न परिपाटीहरूबारे सविस्तार चर्चा गर्नुहोस्। २०

अथवा

प्राथमिककालीन नेपाली कविताका स्रोत र मूलभूत प्रवृत्तिहरूको चर्चा गर्दै यसको विकासमा निर्गुण काव्यधाराको भूमिका स्पष्ट पार्नुहोस्।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) माध्यमिककालीन नेपाली साहित्यको पृष्ठभूमि।

(ख) माध्यमिककालीन नेपाली पत्र-पत्रिकारहरू।

(ग) प्राथमिककालीन नेपाली कविताको भाषिक स्वरूप।

(घ) कवि गुमानी पन्त।

३। कुनै पाँचवटाको पाँचदेखि सात वाक्यभित्र टिप्पणी लेख्नुहोस् :

५×२=१०

(क) 'केदारकल्प'।

(ख) 'राजा गगनीराजको यात्रा'।

(ग) 'कविताकल्पद्रूम'।

(घ) 'वीरसिक्का'।

(ङ) 'मुन्सीका तीन आहान'।

(च) हाजिरमान राई।

(छ) 'वीरचरित'।

(ज) 'दुङ्ना भजन'।

(झ) 'नेपाली उखानको पोस्तक'।

(ञ) 'गोर्खा संसार'।

२००६

# नेपाली

## दोस्री पत्र
## द्वितीयार्द्ध

पूर्णाङ्क : ५० | समय : दुई घण्टा

१। आधुनिक र उत्तर-आधुनिक लेखन माफको भिन्नता स्पष्ट पारी नेपाली साहित्यमा प्रतिपादित लीलालेखनका वैचारिक आधार एवं स्वरूपको विवेचना गर्नुहोस्। २०

अथवा

नेपाली साहित्यालोचनका सैद्धान्तिक आधार, पद्धति एवं स्वरूपको विकासवारे सविस्तार चर्चा गर्नुहोस्।

२। कुनै दुई विपयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् १०×२=२०

(क) नेपाली साहित्यमा प्रगतिवाद।

(ख) सडक कविता क्रान्तिको उपलब्धि।

(ग) नेपाली यात्रा साहित्य।

(घ) साहित्यिक अनुसन्धान।



P.T.O.

३ । कुनै पाँच वटाको परिचयात्मक टिप्पणी लेख्नुहोस् । प्रत्येक टिप्पणी तीनदेखि पाँच वाक्य भित्र हुनु आवश्यक छ : ५×२=१०

(क) राल्फाली आन्दोलन ।

(ख) सर्वनाम समूह ।

(ग) सूत्र - उपन्यास ।

(घ) 'मेघमाला' ।

(ङ) 'रोमन्थन' ।

(च) 'प्रतिध्वनिहरू विस्मृतिका' ।

(छ) 'पागल वस्ती' ।

(ज) 'भैरवको भूत' ।

(झ) 'निर्गमन' ।

(ञ) 'हिमालचुलीमुन्तिर' ।

२००६

# नेपाली

## तेस्रो पत्र

## द्वितीयार्द्ध

पूर्णाङ्क : ५०	समय : दुई घण्टा

१। नेपाली गद्यकविताको विकास प्रक्रियामाथि गहन अध्ययन प्रस्तुत गर्दै यसका चरण विभाजन गरेर प्रत्येक चरणका प्रवृत्ति र विशेषताहरूको चर्चा गर्नुहोस्। २०

अथवा

नेपाली आधुनिक गद्यकविताको स्वरूप र प्रकाशबारे विस्तृत चर्चा गर्दै वैरागी काईंला र मोहन कोइरालाका काव्यकारिताको तुलनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

२। कुनै दुई विषयबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस्: १०×२=२०

(क) 'आगो र पानी'-को बौद्धिक चेतना।

(ख) भूपीको व्यङ्ग्यात्मक गद्यशैली।

(ग) 'सिंहिनी : लालसाको अग्निकुण्ड'- मा विम्ब प्रयोग।

(घ) ओकिउयामा ग्वाइनको योगदान



P.T.O.

३। कुनै पाँच प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर पाँच देखि सात वाक्यभित्र हुनु आवश्यक छ। ५×२=१०

(क) हंसरूप धरि भिम्सिन्को सरूप गरि
भुमराको भेस गरि सुनई लुटाव है।

प्रस्तुत कविता पङ्क्ति कसले, कसलाई, कुन सन्दर्भमा भनेका हुन्? भनाइको आशय के हो?

(ख) 'गजल' भनेको के हो ? गजलमा 'तखल्लुस', 'मकता' र 'मिसरा' भन्नाले के बुझिन्छ?

(ग) पतञ्जलि गजुरेललाई "सरस्वतीको पर्दा खोली हुर्मत लिने भँडुवा" - भनेर कसले भनेका हुन् र किन त्यसो भनेका हुन् ?

(घ) लक्ष्मीप्रसाद देवकोटाले "तरूण तपसी " लाई "यो काव्य लाल रङ्गको छैन, यसलाई हामी हरियो काव्य भन्न सक्तछौं"- भनेर के भनेका हुन्, किन त्यसो भनेका हुन् ?

(ङ) अवस्था विशेषले नायिकाका कति भेद मानिएका छन् र ती के के हुन्? "पिकदूत"- की नायिका कस्ती नायिका हो ?

(च) प्रतीक भन्नाले के वुझिन्छ ? कवितामा प्रतीकको के-कस्तो स्थान र महत्व छ भन्ने ठान्नु हुन्छ ? किन ?

(छ) "उदय लहरी" कुन धारा विशेषको काव्य हो ? यसको नामकरण कतिसम्म सार्थक छ ?

(ज) शम्भुप्रसाद ढुङ्ग्यालालाई 'आशुकवि'- को उपाधि कहिले, कसले र किन दिएका हुन् ?

(झ) भानुभक्तीय रामायण सगुण भक्तिकाव्य हो कि निर्गुण भक्तिकाव्य हो ? कसरी ?

(ञ) ''पोथी धर्म्म हो, दया हो, कोमलता हो;
भाले हो केवल क्रूरता, निष्ठुरता,
केवल शक्ति पिपासा।''

- यी कविता पङ्क्ति कहाँबाट लिइएका हुन् र कसले, कुन प्रसङ्गमा भनेका हुन् ? भनाइको तात्पर्य के हो ?

---

# २००६

# नेपाली

## चौथो पत्र

## प्रथमार्द्ध

## नेपाली कथा

पूर्णाङ्क : ५० | समय : दुई घण्टा

१। नेपाली कथाको ऐतिहासिक विकासक्रम प्रस्तुत गरेर 'कालाग्नि' कथाका विविध अर्थगत सन्दर्भहरू केलाउनुहोस्। २०

अथवा

शिवकुमार राईको कथाकारिताको परिचय दिंदै 'फ्रन्टियर' सङ्ग्रहमा परेका कथाहरूलाई सामाजिक, ऐतिहासिक र सांस्कृतिक धरातलमा राखेर तिनको विवेचना गर्नुहोस्।

२। कुनै दुईवटा विषयमा टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) रूपनारायण सिंहका कथाको भाषा।

(ख) 'स्वास्नीमान्छे' कथाकी स्वास्नीमान्छे।

(ग) 'दोषी चस्मा' कथामा केशवराजको मन अनि समाज।

(घ) 'भाँडो'-को प्रतीकात्मकता।



P.T.O.

३। कुनै पाँच प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर तीनदेखि पाँच वाक्यभित्र हुनु आवश्यक छ : ५×२=१०

(क) "हामीलाई घरको ढोका थुनिएको छ। देशको बाटो बन्द छ। आफ्नो जात बिना देशमा बाँच्न सकिन्न।" यस भनाइको आशय के हो ?

(ख) कथामा एकालापको आख्यानात्मक प्रयोजन के हो ?

(ग) आख्यानमा संक्षेप-गति भन्नाले के बुझिन्छ ?

(घ) "विपना कतिपय" कथासंग्रहमा प्रयुक्त 'विपना' शब्दको ध्वन्यार्थ के हो ?

(ङ) "अबदेखि त्यस पसलमा म सिगरेट किन्दिन" कथामा कथाकारले यसो भन्नाको कारण के हो ?

(च) गद्याख्यानमा लयान्वितिको निर्वाह कसरी गरिन्छ ?

(छ) कथामा दृष्टिबिन्दु तत्त्वको प्रकार्य के हो ?

(ज) 'नासो' कथामा केलाई नासो मानिएको छ ? त्यसको सांस्कृतिक तात्पर्य के हो ?

(झ) "कथा नवरत्न" मा 'नवरत्न' शब्दको सामाजिक अर्थ के हो ?

(ञ) "भागी" कथाको भागी कुन प्रकारको पात्र हो ? कसरी ?

---

२००६

# नेपाली

## चौथो पत्र

## (नेपाली गद्याख्यान)

## द्वितीयार्द्ध

## (नेपाली उपन्यास)

पूर्णाङ्क : ५०　　　　　　　　समय : दुई घण्टा

१। अनुराधा उपन्यासमा रहेका सामाजिक-वस्तुपक्षके समीक्षा गर्दै यसका पात्रहरूमा देखिने मनोविकार तथा ग्रन्थीहरूको चर्चा गर्नुहोस्। २०

अथवा

''जीवन असफलता हो, यो जीवन दुर्भाग्यि हो, मानिस यसै पनि दुःखी छ।''- यस भनाइका आधारमा ''शिरीषको फूल'' उपन्यासको विवेचना गर्दै यस उपन्यासको दार्शनिक पक्षको व्याख्या गर्नुहोस्।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् :

१०×२=२०

(क) यथार्थवादी नेपाली उपन्यास।

(ख) ''लङ्गडाको साथी'' उपन्यासमा प्रेम र मानवता।

(ग) ''जुनेली रेखा'' उपन्यासको परिवेश।

(घ) सांस्कृतिक अन्तर्मिलन र समझौताका सन्दर्भमा ''सुम्निमा'' उपन्यास।

३। कुनै पाँचवटा विषयमा परिचयात्मक टिप्पणी लेख्नुहोस् : ५×२=१०

(क) असमाप्त समाप्ति।

(ख) प्रयोगात्मक आञ्चलिकता।

(ग) केन्द्रीय आन्तरिक दृष्टिबिन्दु।

(घ) कार्यपीठिका।

(ङ) ''वीरचरित्र''

(च) बहुनायकत्व।

(छ) अन्तर्मुखी पात्र।

(ज) अउपन्यास।

(झ) उपन्यासमा वहुस्वरीयता।

(ञ) 'अलिखित' उपन्यासको परिच्छैद विभाजन।

---

२००६

# नेपाली

## पाँचौं पत्र

## (नाटक)

पूर्णाङ्क : ५०

समय : दुई घण्टा

१। पूर्वीय नाट्य-मान्यताहरूका आधारमा शम्भूप्रसाद ढुङ्गेलको "शकुन्तला" नाटकको समीक्षात्मक मूल्याङ्कन गर्नुहोस्। २०

अथवा

आधुनिक नेपाली नाटकका क्षेत्रमा गोविन्द गोठाले को योगदानको चर्चा गर्दै "भूसको आगो" नाटकको मनोवैज्ञानिक पक्षको विश्लेषण गर्नुहोस्।

२। कुनै दुई विषयबारे समीक्षात्मक टिप्पणी लख्नुहोस् : १०×२=२०

(क) "अन्धवेग" नाटकको शीर्षक-सार्थकता।

(ख) अवस्थाभेद अनुसार नायिका-प्रकार।

(ग) 'जेमन्त' नाटकमा पात्र-प्रयोग।

(घ) मनबहादुर मुखियाका एकाङ्कीहरूमा स्थानीयता र आञ्चलिकता।

३। निम्न कुनै पाँच प्रश्नको उत्तर लख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर तीनदेखि पाँच वाक्यभित्र हुनुपर्छ। ५×२=१०

(क) भारतीय नाट्यसिद्धान्त अनुसार रङ्गमञ्च कति प्रकारका दुन्छ ? के-के ?

(ख) पूर्वीय नाट्यसिद्धान्त अनुसार नायकका सहायक पात्र को-को हुन् ? प्रत्येकका भूमिका के के हुन् ?

(ग) अरू साहित्य विधाबाट नाटकलाई छुट्याउने आधार के-के हुन् ?

(घ) "तीन गँजड़ीको चन्द्रलोक यात्रा" - को नाटकीय अर्थ के हो ?

(ङ) नायिका-भेदका दृष्टिले "प्रियदर्शिका"- को नायिका कस्ती पात्रा हो ? स्पष्ट पारेर लेख्नुहोस्।

(च) "भित्तेघड़ी" एकाङ्कीको संकेतार्थ के हो ?

(छ) "माग" एकाङ्कीमा प्रयुक्त नाट्यविधि कस्तो छ ?

(ज) "कवि-सम्मेलन" एकाङ्कीको नाटकीय तात्पर्य के हो ?

(झ) नाटकमा "आकाशभाषित" भन्नाले के वुझिन्छ ?

(ञ) एक अङ्कका रूपक र उपरूपकहरू कुन कुन हुन् ?

---